संवत् २०७८ साल माघ २४ गते सोमवार बसेको मन्त्रिपरिषद् बैठकका मुख्य निर्णयहरू

क.स.	मन्त्रालय	निर्णयको संक्षिप्त व्यहोरा
१	अर्थ मन्त्रालय	धितोपत्र दर्ता तथा निष्काशन (पाँचौं संशोधन) नियमावली ,२०७८ स्वीकृत गर्ने।
२	कृषि तथा पशुपंक्षी विकास मन्त्रालय	बर्ड फ्लु नियन्त्रण गर्न मोरङ्ग जिल्लाको विराटनगर महानगरपालिका वडा नं. १८ हिमालयन कृषि फार्मलाई केन्द्र विन्दु मानी वर्ड फ्लु रोग प्रभावित क्षेत्र घोषणा गर्ने।
३	गृह मन्त्रालय	निर्वाचन आयोगबाट प्राप्त परामर्श बमोजिम स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा ४ को उपदफा (१) बमोजिम वि.स. २०७९ साल वैशाख ३० गते शुक्रबारका दिन एकै चरणमा देशभरका सबै गाउँपालिका र नगरपालिकाको निर्वाचन गर्ने।
४	गृह मन्त्रालय	राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण (पहिलो संशोधन) नियमावली, २०७८ स्वीकृत गर्ने।
५	परराष्ट्र मन्त्रालय	सिंगापुर, इटालीको रोम र रोमानियाको बुखारेष्टमा कार्यरत अवैतनिक नेपाली महावाणिज्यदूतहरुको पदावधि थप गर्ने।
६	भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय	डिजिटल प्रणालीमार्फत नापनक्सा तथा जग्गा प्रशासनसम्बन्धी सेवा प्रवाह निर्देशिका, २०७८ स्वीकृत गर्ने।
७	भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय	पुष्पलाल (मध्यपहाडी) राजमार्ग योजना कार्यालय गोरखाको कार्यक्षेत्रभित्र पर्ने नुवाकोट जिल्लाको सडक सीमाभित्र परेका तीन वटा घर/टहराको राहत स्वरुपको क्षतिपूर्ति उपलब्ध गराउन स्वीकृति प्रदान गर्ने।
८	महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय	बालअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९८९ को छैटौं आवधिक प्रतिवेदन स्वीकृत गरी संयुक्त राष्ट्र संघमा पेश गर्न अनुमति प्रदान गर्ने।
९	महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय	२०७८ फाल्गुण ४ र ५ गते नर्वेमा भर्चुअल माध्यमबाट हुने दोस्रो Global Disability Summit (GDS) मा भाग लिन माननीय महिला बालबालिका तथा जेष्ठ नागरिकमन्त्री उमा रेग्मी नेतृत्वको प्रतिनिधिमण्डललाई सहभागी हुन स्वीकृति दिने।
१०	वन तथा वातावरण मन्त्रालय	फेवातालको जलाधार क्षेत्रलाई संरक्षित जलाधार क्षेत्र घोषणा गर्ने।
११	सञ्चार तथा सूचना प्रविधि मन्त्रालय	राष्ट्रिय प्रसारण (एघारौं संशोधन) नियमावली, २०७८ स्वीकृत गर्ने।
१२	स्वास्थ्य तथा जनसंख्या मन्त्रालय	नसर्ने रोगहरूको रोकथाम तथा नियन्त्रणका लागि बहुक्षेत्रीय कार्ययोजना स्वीकृत गर्ने।
१३	लोक सेवा आयोग तथा बढुवा समितिको सिफारिसबमोजिम विभिन्न सेवा, समूहका राजपत्राङ्कित द्वितीय श्रेणीका अधिकृतहरूलाई सम्बन्धित सेवा, समूहको राजपत्राङ्कित प्रथम श्रेणीको सहसचिव पदमा बढुवा नियुक्त तथा पदस्थापन गर्ने।	